# उच्च अदालत पाटनबाट प्रकाशित शोक विज्ञप्ति

काठमाडौं जिल्ला अदालतमा कार्यरत जिल्ला न्यायाधीश श्री वासुदेवलाल श्रेष्ठको मिति २०७८/०१/२९ गते बुधबार बेलुकी ५ बजे असामयिक निधन भएको खबरले उच्च अदालत पाटन परिवार मर्माहत भएको छ। जिल्ला न्यायाधीश श्रेष्ठको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको महसुस भएको छ। न्याय क्षेत्रमा रहँदा न्याय र कानूनको क्षेत्रमा निज श्रेष्ठले पुऱ्याउनुभएको योगदान अतुलनीय एवं अविस्मरणीय रहेको छ। उहाँको योगदान न्याय प्रेमी समुदायका लागि सदैव प्रेरणादायी र मार्गदर्शकको रुपमा रहिरहने छ भन्ने विश्वास समेत लिएका छौं।

वि.स. २०१७/०७/१५ गते काठमाडौंमा जन्मिनु भएका श्रेष्ठले २०३७ सालमा सरकारी सेवामा प्रवेश गर्नु भई लामो समय सम्म यस अदालतमा समेत शाखा अधिकृत एवं उप-रजिष्ट्रारको हैसियतले सेवा प्रदान गर्नुभएकोमा मिति २०७२/०४/११ गते सम्मानित सर्वोच्च अदालतमा रमाना हुनुभएको र मिति २०७२/०४/२१ गते जिल्ला न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो।

उहाँको निधनबाट न्यायपालिकाले एक सच्चा न्याय कर्मि, न्यायिक व्यक्तित्व एवं इमान्दार राष्ट्र सेवक गुमाएको महसुस भएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चीर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा गहिरो समवेदना प्रकट गरिएको छ।

मिति २०७८/०१/३०

रमेश श्रेष्ठ
उप-रजिष्ट्रार